# पुनर्स्थापना
# येशू ख्रीष्टको सुसमाचारको





# परमेश्वर हाम्रा प्रिय स्वर्गीय पिता हुनुहुन्छ

परमेश्वर हाम्रा स्वर्गमा रहनुहुने पिता हुनुहुन्छ । उहाँले तपाईंलाई व्यक्तिगत रूपमा चिन्नुहुन्छ र तपाईंले सोच्नसक्ने भन्दापनि बढी माया गर्नुहुन्छ । उहाँले यो जीवनमा र अनन्ततामा पनि खुशी हुनुहोस् भन्ने चाहनुहुन्छ ।

*हाम्रा स्वर्गीय पिताले तपाईंले सिक्न र त्यस अनुरुप जिउन सक्ने दैवी सत्य पुन: ल्याउनुभयो- पुनर्स्थापना गर्नुभयो ।*

यो उद्देश्य प्राप्तिका लागि स्वर्गीय पिताले येशू ख्रीष्टको सुसमाचार भन्ने योजना प्रदान गर्नुभयो । येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ; उहाँको जीवन र शिक्षाहरू यो जीवनको शान्ति र अनन्तताको खुशीका लागि निर्देशिका हुन् ।

# सुसमाचारले परिवारहरू र व्यक्तिहरूलाई आशीषित गर्दछ

यसको स्वीकार र पालना गर्ने सबैलाई येशू ख्रीष्टको सुसमाचारले आशीषित गर्छ । सुसमाचार पढाउने र उपयोग गर्ने असल स्थानहरू मध्येको एक स्थान परिवार हो । उहाँका सन्तानहरूमा खुशी ल्याउन, प्रिय वातावरणमा हामीलाई सही सिद्धान्तहरू सिक्ने अवसर दिन र हामी मरेपछि उहाँसामू फर्किनका लागि तयार गर्न परमेश्वरले परिवारहरूको स्थापना गर्नुभयो । समय अनुसार पारिवारिक सम्बन्धहरू चुनौतीपूर्ण हुने भए तापनि हामीले येशू ख्रीष्टको शिक्षाको अनुशरण गर्ने सक्दो प्रयास गर्दा स्वर्गीय पिताले हामीलाई आशीषित गर्नुहुन्छ । यी शिक्षाहरूले हामीलाई हाम्रा परिवारहरूलाई मजबुत बनाउन सहयोग गर्छन् ।

# स्वर्गीय पिताले उहाँको सुसमाचार प्रकट गर्नुहुन्छ

उहाँको योजनाको एक अंशका रूपमा, परमेश्वरले आदम, नोआ, अब्राहम र मोसेस जस्ता अगमवक्ताहरूको छनोट गर्नुभयो ।

- परमेश्वर र उहाँका पुत्र येशू ख्रीष्टका साक्षीका बारेमा सिकाउनुहोस्
- परमप्रभुबाट प्रकाश वा निर्देशन प्राप्त गर्नुहोस् ।
- संसारभरी सुसमाचार सिकाउनुहोस् र परमेश्वरको बचन फैलाउनुहोस् ।

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

अगमवक्ताहरूले उहाँका सन्ततीहरूलाई अगुवाइ गर्न पादरित्व वा परमेश्वरको नाममा बोल्ने वा काम गर्ने अधिकार प्राप्त गर्नुहुन्छ। अगमवक्तालाई अनुशरण गर्ने मानिसहरूले परमेश्वरले प्रतिज्ञा गरेका आशीषहरू पाउँछन्। ती जसले सुसमाचार र परमेश्वरका अगमवक्तालाई अस्वीकार गर्छन् तिनीहरूले यी आशीषहरू गुमाउँछन् र आफूलाई परमेश्वरबाट टाढा बनाउँछन्। ती जसले अगमवक्तालाई अस्वीकार गर्छन् र परमेश्वरलाई अनुशरण गर्ने तिनीहरूको प्रतिवद्धतालाई तोड्छन् उनीहरू धर्मत्यागको अवश्थामा हुन्छन्।

*मानिसहरूले अगमवक्ताहरूलाई अस्वीकार गरेका कारण प्रकट गरिएका सत्यहरू हराए।*

उहाँका धेरै सन्तानले उहाँ र उहाँका अगमवक्तालाई अस्वीकार गरे तापनि स्वर्गीय पिताले निरन्तर रूपमा उहाँका सन्तानहरूलाई माया गर्नुहुन्छ। उहाँ अहिले खुशी हुनलाई हामीलाई आवश्यक पर्ने र हामी मरेपछि उहाँसँगै फर्किनका लागि आवश्यक सबै चीज दिन चाहनुहुन्छ।

धर्मशास्त्रले हामीले सधैं नसुन्दा पनि निरन्तर रूपमा परमेश्वर उहाँका सन्तानहरू सामू पुग्ने गरेको प्रवृत्तिलाई प्रकट गर्छः

- परमेश्वरले अगमवक्ता छान्नुहुन्छ।
- अगमवक्ताले सुमाचार सिकाउनुहुन्छ र मानिसहरूलाई अगुवाइ गर्नुहुन्छ।
- परमेश्वरले मानिसलाई आशीषित तुल्याउनुहुन्छ।
- क्रमिक रूपमा मानिसहरू अगमवक्ताको सिकाइप्रति असहमत वा पालना गर्न अस्वीकार गर्छन्। अन्ततः तिनीहरूले अगमवक्ता र उहाँको शिक्षालाई अस्वीकार गर्छन् र धर्मत्यागमा खस्छन्।
- धर्मत्यागका कारण, मानिसहरूले सुसमाचारको ज्ञान गुमाउँछन्। तिनीहरूको बीचबाट पादरित्वको अधिकार लगिन्छ।
- समय सही भएपछि र मानिसहरू पुनः उहाँको अनुयायी बन्न तयार भएपछि परमेश्वरले अर्को अगमवक्ता छान्नुहुन्छ, पादरित्व र चर्चको पुनर्स्थापना गर्नुहुन्छ र अगमवक्तालाई सुसमाचार सिकाउन निर्देशन दिनुहुन्छ।

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन्।

*पुरानो करारका अगमवक्ताहरूले परमेश्वरका वचनहरू अभिलेख गर्नुभयो।*





# येशू ख्रीष्टले उहाँको चर्च स्थापना गर्नुभयो

सृष्टिको समयदेखि नै मानवका सन्तानहरूले मुक्तिदाता येशू ख्रीष्टको आगमनको प्रतिक्षा गरे । उहाँले प्रतिज्ञा गरे जस्तै स्वर्गीय पिताले उहाँका पुत्र येशू ख्रीष्टलाई २,००० वर्ष अगाडि पृथ्वीमा पठाउनुभयो ।

येशूले पूर्ण र पाप रहित जीवन जिउनुभयो । उहाँले उहाँको चर्च स्थापना गर्नुभयो, उहाँको सुसमाचार सिकाउनुभयो र धेरै चमत्कारहरू देखाउनुभयो । उहाँले पत्रुस, याकूब र यूहन्ना लगायतका बाह्र मानिसहरूलाई आफ्ना प्रेरित बन्नका लागि छान्नुभयो । उहाँको नाममा सिकाउन र बप्तिस्मा जस्ता पवित्र विधिहरू प्रदान गर्नका लागि सिकाउनुभयो र उहाँले तिनीहरूलाई पादरित्व अधिकार दिनुभयो ।

जब येशूले उहाँको चर्च स्थापना गर्नुभयो, उहाँले स्वर्गीय पिताबाट निर्देशन प्राप्त गर्नुभयो । त्यसपछि उहाँले उहाँका चेलाहरूलाई निर्देशित गर्नुभयो । येशूले उहाँका अनुयायीहरूलाई सिकाउनुभयो किपरमेश्वरबाटप्रकाश नै त्यही चट्टान हो जसको माथि उहाँले आफ्नो चर्चको निर्माण गर्नुहुनेछ ।

उहाँको जीवनको अन्त्यमा, येशू ख्रीष्टले पृथ्वीमा जिइसकेका र जिउनेवाला सबैको पापका लागि पीडा भोग्नुभयो र मर्नुभयो । यो पीडालाई प्रायश्चित्त भनिन्छ । उहाँको पीडा, मृत्यु र पुनरुत्थानको माध्यमबाट मुक्तिदाताले हामीलाई क्षमा प्राप्त गर्न सम्भव बनाउनुभयो । ती जोसँग उहाँ प्रतिको विश्वास छ, पश्चात्ताप गर्छन् र उहाँका आज्ञाहरूको पालना गर्छन् तिनले पापहरूबाट क्षमा पाउँछन् र शान्ति र खुशीले भरिपूर्ण हुन्छन् ।

*येशू ख्रीष्टले उहाँको चर्चलाई सङ्गठित गर्नुभयो:*

- *उहाँले प्रेरितहरूलाई बोलावट गर्नुभयो र नियुक्त गर्नुभयो ।*
- *सिकाउन र बप्तिस्मा दिनका लागि उहाँले तिनीहरूलाई अधिकार दिनुभयो । यो अधिकारलाई पादरित्व भनिन्छ ।*
- *उहाँको मृत्यु अनि पुनरुत्थान पछि उहाँले प्रकाशका माध्यमबाट निर्देशन दिने कुरालाई निरन्तरता गर्नुभयो ।*

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

*येशूले उहाँका प्रेरितहरूमाथि पादरित्व प्रदान गर्नुभयो ।*

उहाँको पुरूत्थान पछि येशू ख्रीष्टले उहाँका प्रेरितहरूलाई प्रकाशका माध्यमबाट अगुवाइ गर्नुभयो । बाइबलले यस्ता धेरै तथ्यहरूलाई अभिलेख गरेको छ जहाँ उहाँले उहाँको चर्चलाई निर्देशित गर्ने कार्यलाई निरन्तरता दिनुभएको छ (हेर्नुहोस् प्रेरित १०; प्रकाश १:१) । यसैले येशू ख्रीष्टको चर्च मानिसबाट नभई परमेश्वद्वारा निर्देशित थियो ।

## महान् धर्मत्याग

येशू ख्रीष्टको मृत्युसँगै पतित मानिसहरूले चर्चका सदस्यहरूलाई दु:ख दिए र धेरैलाई मारे । चर्चका अन्य सदस्यहरू येशू ख्रीष्ट र उहाँका प्रेरितहरूद्वारा सिकाइएका सिद्धान्तहरूबाट टाढा हुँदै गए । प्रेरितहरूलाई मारियो र पादरित्वको अधिकार–चर्चकालाई निर्देशन गर्ने र प्रकाश प्राप्त गर्ने साँचाहरू लगायत संसारबाट लगियो । पादरित्वको अधिकारबाट अब चर्च अगुवाइ नगरिएकाले चर्चका सिकाइहरूमा गल्ती पस्न थाले । असल मानिस र केही सत्य रहे तापनि येशू ख्रीष्टले स्थापना गरेको सुसमाचार हरायो । यो समयावधिलाई महान् धर्मत्यागको समयवधि भनिन्छ ।

*येशू ख्रीष्टका प्रेरितहरूको मृत्युसँगै सत्य पुन: हराएको थियो ।*

यो धर्मत्यागले सिकाइमा द्विविधा भएका धेरै चर्चहरूको निर्माण गर्ने परिणाम ल्यायो । यो समयमा, धेरै पुरूष र महिलाले सत्यको खोजी गरे तर तिनीहरू यसलाई पाउन सक्षम भएनन् । धेरै असल मानिसहरूले परमेश्वर र येशू ख्रीष्टमा विश्वास गरे र सत्यलाई बुझ्न अनि सिकाउन प्रयास गरे तर तिनीहरूसँग पूर्ण सुसमाचार वा पादरित्वको अधिकार थिएन । परिणाम स्वरूप, ख्रीष्टको सुसमाचारमा परिवर्तन सहित पहिलाको पुस्ताले हस्तान्तरण गरेका कुराहरूबाट मानिसहरू प्रभावित भएका कारण हरेक पुस्ताले पैतृक रूपमा धर्मत्याग प्राप्त गर्‍यो ।

मार्टिन लुथर र जन क्याल्भिन जस्ता केही प्रेरणा प्राप्त मानिसहरूले अभ्यास र सिद्धान्तहरू परिवर्तन गरिएको वा हराएको कुरालाई पहिचान गरे । तिनीहरूले आफू संलग्न भएका चर्चहरूलाई पुनर्निर्माण गर्ने प्रयास गरे । जेभए तापनि पादरित्वको अधिकार बिना ख्रीष्टको सुसमाचार यसको वास्तविक अवस्थामा फर्किने अवस्था थिएन । एक पुनर्स्थापनाको आवश्यकता थियो ।

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

*परमेश्वरलाई थाहा थियो कि धर्मत्याग हुनेछ भनेर। पुरानो करारका अगमवक्ताको माध्यमबाट उहाँले भन्नुभयो:*

*"यस्ता दिनहरू आउँदैछन् जब म देशमा अनिकाल ल्याउनेछु– जुनचाहिँ नत अन्नको अनिकाल न पानीको तिर्खा हो तर परमप्रभुको वचन सुन्ने तृष्णाको अनिकाल हुनेछ:*

*"अनि (मानिसहरू) परमप्रभुका वचनको खोजीमा एक समुद्रदेखि अर्को समुद्रसम्म र उत्तरदेखि पूर्वसम्म परमप्रभुको वचन खोज्दै हिँड्नेछन् तर तिनीहरूले त्यो पाउनेछैनन्।"*

**आमोस ८:११-१२**



# सुसमाचारको पुनर्स्थापना

उहाँले सम्पूर्ण इतिहासमा गरे जस्तै १८२० मा पनि स्वर्गमा रहनुहुने पिताले पृथ्वीमा सुसमाचार र पादरित्वको अधिकारको पुनर्स्थापना गर्न पुनः एक अगमवक्ता चुन्नुभयो । ती अगमवक्ताको नाम जोसेफ स्मिथ थियो । एक युवकका रूपमा, उहाँको क्षेत्रमा रहेका धेरै चर्चहरूमा रहेको भिन्नताका कारण द्विविधामा हुनुहुन्थ्यो र कुन चर्च सही हो भनेर जान्न चाहनुहुन्थ्यो । आफूमा ज्ञानको कमी भएको कुरालाई जानेर उहाँले बाइबलमा पाइएको निर्देशनको अनुशरण गर्नुभयो, “तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस् र त्यसलाई त्यो दिइनेछ” (याकूब १:५) ।

आफूले के गर्नुपर्छ भनेर जान्न जोसेफ स्मिथले परमेश्वरलाई सोध्ने निर्णय गर्नुभयो । जब जोसेफले सत्य जान्नका लागि प्रार्थना गर्नुभयो स्वर्गीय पिता र येशू ख्रीष्ट उहाँका सामू प्रकट हुनुभयो । येशूले जोसेफलाई कुनै पनि चर्चमा आवद्ध नहुन भन्नुभयो किनकि “तिनीहरू सबै गलत थिए” र “तिनीहरू आफ्ना ओठहरूले मेरो नजिक आउँछन् तर तिनीहरूको हृदय मभन्दा धेरै टाढा छ, तिनीहरूले परमेश्वरको स्वरुप धारण गरी मानिसका आज्ञाहरूका सिद्धान्तहरू सिकाउँछन् तरपनि तिनीहरूले त्यो शक्तिलाई अस्वीकार गर्छन्” (जोसेफ स्मिथको इतिहास १:१९) ।

*जोसेफ स्मिथले स्वर्गीय पिता र येशू ख्रीष्टलाई देख्नुभयो । यो अनुभवका बारेमा उहाँले भन्नुभयो:*

*“मैले मेरो शिरको ठ्याक्कै माथि सूर्यको चमकभन्दा पनि बढी चमक भएको एक प्रकाशको पञ्ज देखेँ, जुन ममाथि नआइपुगिन्जेल क्रमिक रुपमा तल झरिरहेको थियो ।...*

*“जब प्रकाश ममाथि रोकियो मैले दुई व्यक्तिहरुलाई देखेँ, जसको चमक र महिमाले सबै वर्णन गर्छ, ममाथि हावामा उभिएर उहाँहरु मध्येको एकले अर्कोलाई देखाएर मेरो नाम पुकारेर बोलाउँदै भन्नुभयो–*

यी मेरा प्रीय पुत्र हुन् । यिनका कुरा सुन!”

**जोसेफ स्मिथको–इतिहास १:१६–१७**

परमेश्वरले आदम, नोआ, अब्राहम, मोसेस र अन्य अगमवक्ताहरूलाई गरे जस्तै जोसेफ स्मिथलाई पनि अगमवक्ता हुनका लागि बोलावट दिनुभयो, जसका माध्यमबाट पूर्ण सुसमाचार पुनरुत्थापित् भएको थियो ।

*The Restoration चलचित्रमा उल्लेख गरिए जस्तै स्वर्गीय पिता र येशू ख्रीष्ट जोसेफ स्मिथका सामू प्रकट हुनुभयो ।*

### पादरित्वको पुनर्स्थापना

१८२९ मा, येशू ख्रीष्टले उहाँका प्रेरितहरूलाई दिएको जस्तै पादरित्वको अधिकार जोसेफ स्मिथले प्राप्त गर्नुभयो । येशूलाई बप्तिस्मा दिने यूहन्ना बप्तिस्मा जोसेफ स्मिथका सामू प्रकट हुनुभयो र उहाँमाथि एरोनिक पादरित्व वा सानो पादरित्व प्रदान गर्नुभयो । पछि पत्रुस, याकूब र यूहन्ना (येशू ख्रीष्टका वास्तविक प्रेरितहरू) प्रकट हुनुभयो र उहाँमाथि मेल्कीसेदेक पादरित्व वा ठूलो पादरित्व प्रदान गर्नुभयो ।

उहाँले पादरित्वको अधिकार प्राप्त गरिसके पछि जोसेफ स्मिथलाई पुनः पृथ्वीमा येशू ख्रीष्टको चर्चलाई सङ्गठित गर्न निर्देशन प्राप्त भएको थियो । उहाँको माध्यमबाट येशू ख्रीष्टले पुनः बाह्र प्रेरितहरूको बोलावट गर्नुभयो ।

*जोसेफ स्मिथलाई पादरित्वको अधिकार दिन येशू ख्रीष्टले यूहन्ना बप्तिस्मा र पछि उहाँका तीन प्रेरितहरू पठाउनुभयो ।*

उहाँको पुनरुत्थान पछि येशू ख्रीष्टले उहाँका प्रेरितहरूलाई अगुवाइ गरे जस्तै आज पनि उहाँले जीवित अगमवक्ता र प्रेरितहरूका माध्यमबाट चर्चलाई अगुवाइ गर्ने कार्यलाई निरन्तरता दिनुभएको छ । पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चका अध्यक्ष परमेश्वरले छान्नुभएका आजका अगमवक्ता हुनुहुन्छ । उहाँ र उहाँका सल्लाहकारहरू अनि बाह्र प्रेरितहरूले प्राचीनकालका अगमवक्ता र प्रेरितहरूले धारण गरेजस्तै पादरित्वको अधिकार धारण गर्नुहुन्छ । यी मानिसहरू अगमवक्ता, द्रष्टा र प्रकाशक हुनुहुन्छ ।

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

*पत्रुस, याकूब र यूहन्ना-येशू ख्रीष्टका प्रेरितहरू-ले जोसेफ स्मिथलाई मेल्किसेदेक पादरित्व प्रदान गर्नुभयो ।*





# मरमनको पुस्तक

सुसमाचारको पुनर्स्थापनाको एक अंशका रूपमा परमेश्वरले मरमनको पुस्तक: येशू ख्रीष्टको अर्को गवाही, ल्याउनुभयो । परमेश्वरको शक्तिद्वारा जोसेफ स्मिथले सुनका पातामा लेखिएका प्रचीन अभिलेख अनुवाद गर्नुभयो । मरमनको पुस्तक "अमेरिकाका प्राचीन वासिन्दाहरूलाई परमेश्वरले गर्नुभएको परमेश्वरको निर्देशन हो र यसले अनन्त सुसमाचारको पूर्णतालाई समावेश गर्छन्" (मरमनको पुस्तकको परिचय) ।

मरमनको पुस्तक येशू ख्रीष्टको शक्तिशाली गवाही हो । यसले हामीलाई बाइबलमा भएका उहाँका ती शिक्षाहरू सहितका सिकाइ बुझ्नका लागि सहयोग गर्छ ।

मरमनको पुस्तक जोसेफ स्मिथका माध्यमबाट सुसमाचारको पुनर्स्थापना भएको हो भनेर विश्वास दिलाउने प्रमाण हो । तपाईंले आफू स्वयंका लागि यो सत्य हो भनेर थाहा पाउन सक्नुहुन्छ । यो ज्ञान प्राप्त गर्नका लागि तपाईंले यसलाई पढ्नुपर्छ, यसको सन्देश मनन गर्नुपर्छ र यो सत्य हो कि होइन भनेर जान्ने इच्छा हुनुपर्छ । यो उहाँको वचन हो भनेर निश्चित गर्न तपाईंले स्वर्गीय पितालाई सोध्नै पर्छ । यदि तपाईंले यसो गर्नुभयो भने, पवित्र आत्माको माध्यमबाट उहाँले यो सत्य हो भनेर तपाईंलाई प्रमाणित गराउनुहुन्छ ।

*यदि तपाईंले मरमनको पुस्तक पढ्नुभयो र यसका बारेमा प्रार्थना गर्नुभयो भने धर्मप्रचारकहरूले सिकाएको कुरा सत्य हो भनेर तपाईंले थाहा पाउन सक्नुहुन्छ:*

*"यदि तिमीले सच्चा हृदय, वास्तविक चाहना सहित ख्रीष्टमा आस्था राखेर सोध्यौ भने उहाँले तिमीलाई पवित्र आत्माको शक्तिद्वारा सत्य प्रकट गराउनुहुनेछ ।*

*"अनि पवित्र आत्माको माध्यमबाट तिमीले सबै कुराहरूको सत्यका बारेमा थाहा पाउनेछौ ।"*

**मोरोनाई १०:४–५**

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

*येशू ख्रीष्टले अमेरिकामा भेट्नुभएको कुराको अभिलेख मरमनको पुस्तकमा छ ।*

यदि तपाईंले मरमनको पुस्तक सत्य हो भनेर थाहा पाउनुभयो भने, तपाईंले पवित्र आत्माको शक्तिका माध्यमबाट जोसेफ स्मिथ परमेश्वरका एक अगमवक्ता हुनुहुन्थ्यो र येशू ख्रीष्टको सुसमाचार उहाँका माध्यमबाट पुनर्स्थापित् भएको थियो र पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्च आज अगमवक्ता र प्रेरितहरूले निर्देशित गर्नुभएको छ भनेर थाहा पाउनुहुनेछ ।

*मैले कसरी प्रार्थना गर्ने ?*

- *हाम्रा स्वर्गीय पितालाई सम्बोधन गर्नुहोस् ।*
- *(मरमनको पुस्तक र धर्मप्रचारकहरूले पढाएका कुराहरू सत्य हुन् भनेर प्रमाणित गर्न, कृतज्ञता, प्रश्नहरू, अनुरोधहरू राख्न) तपाईंको हृदयका विचारहरू प्रकट गर्नुहोस् ।*
- *समापन गर्नुहोस् ("येशू ख्रीष्टको नाममा, आमीन") ।*

## मैले कसरी जान्न सक्छु ?

यो सन्देश सत्य छ भनेर तपाईंले थाहा पाउन सक्नुहुन्छ । यदि तपाईंले तपाईंका स्वर्गीय पितालाई प्रार्थनामा सोध्नुभयो भने तपाईंले पवित्र आत्माको माध्यमबाट उहाँबाट जवाफ पाउनुहुनेछ । पवित्र आत्मालाई परमेश्वरको आत्मा पनि भनिन्छ र उहाँका भूमिकाहरू मध्येको एक भूमिका भनेको सत्यको साक्षी दिनु वा सत्यलाई प्रमाणित गर्नु हो ।

यो सन्देश चमत्कारपूर्ण र जीवन परिवर्तन गर्नेखालको हुन सक्छ तर यो प्रायशः परमेश्वरको शक्तिको भव्य प्रदर्शन नगरिकन शान्त आश्वासन रूपमा आउँछ । पवित्र आत्माले विचार, भावना र प्रभावका माध्यमबाट सत्यलाई प्रमाणित गर्छ । बाइबलमा सिकाए जस्तै "पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, आस्था, नम्रता र संयम हुन्" (गलाती ५:२२-२३) । पवित्र आत्माबाट तपाईंलाई प्राप्त भएका यी विचारहरू जोसेफ स्मिथको माध्यमबाट पुनर्स्थापित भएका येशू ख्रीष्टको सुसमाचार सत्य हो भनेर प्राप्त भएको व्यक्तिगत प्रकाश हो । त्यसपछि तपाईं आफूले प्राप्त गरेको ज्ञानको आधारमा जिउन चाहनुहुन्छ कि हुँदैन भनेर तपाईंले छनोट गर्नुहुनेछ ।


*विश्वासका साथ गरिने प्रार्थनाको माध्यमबाट तपाईं सत्यका बारे थाहा पाउन सक्नुहुन्छ ।*



# शब्दावलीहरूको सूची

**एरोनिक पादरित्व** सानो पादरित्व । यो पादरित्वले बप्तिस्मा दिने अधिकारलाई समावेश गर्छ र बाइबलको पुरानो करारको एरोनको नाममा नामाकरण गरिएको हो ।

**धर्मत्याग** जब व्यक्तिहरू, चर्च वा सम्पूर्ण राज्यले नै येशू ख्रीष्टको सुसमाचारलाई त्याग्छ वा प्रतिरोध गर्छ । धर्मत्यागले विभाजन, द्विविधा र पादरित्वको अधिकार वा परमेश्वरको नाममा कार्य गर्ने अधिकार गुम्छ ।

**प्रेरित** येशूले ख्रीष्टले आफ्नो सांसारिक सेवाकालमा उहाँको सहयोगीका रूपमा छान्नुभएका नजिकका बाह्र मानिसहरूलाई दिएको नाम र जसलाई उहाँले आफ्नो नाममा कार्य गर्न अधिकार दिनुभयो । आधुनिक समयमा, येशू ख्रीष्टले अन्य बाह्रजनालाई उहाँका प्रेरितका रूपमा सेवा गर्नका लागि बोलाउनुभयो । अगाडिका समयहरूमा जस्तै प्रेरितसँग उहाँका अधिकार हुन्छ र उहाँ येशू ख्रीष्टको विशिष्ट गवाही हुनुहुन्छ ।

**प्रायश्चित्त** एक घटना जसले हामीलाई परमेश्वरसँग पुनः बस्नका लागि सक्षम तुल्याउँछ । प्रायश्चित्त गर्नु भनेको पापका लागि मूल्य चुकाउनु हो जहाँ पश्चात्ताप गर्ने पापीहरूबाट पापको प्रभावलाई हटाउनु हो । सम्पूर्ण मानवजातिका लागि प्रायश्चित्त गर्न येशू ख्रीष्टमात्रै एक सक्षम व्यक्ति हुनुहुन्थ्यो । उहाँको प्रायश्चित्तले हाम्रा पापहरूका लागि उहाँको पीडा, उहाँले बगाएको रगत र उहाँको मृत्यु अनि पुनरुत्थानलाई समावेश गर्छ । प्रायश्चित्तका कारण बाँचेका हरेकले पुनरुत्थान पाउनेछन् । प्रायश्चित्तले हाम्रा पापहरूको क्षमाको लागि र सदाका लागि परमेश्वरसँग बस्ने मार्ग प्रदान गर्छ ।

**बप्तिस्मा** पापहरूको क्षमा प्राप्तिका लागि एक आवश्यक पाइला । पादरित्वको अधिकारबाट लिइएको बप्तिस्मा र प्रमाणीकरणबाट हामी पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चको सदस्य बन्छौँ । पानीमा डुबुल्की मारिकन बप्तिस्माको अर्थ जो बप्तिस्मा लिँदैछ उसलाई छोटो समयको लागि पानीमा चुलुम्मै डुबाइन्छ । बप्तिस्माले ख्रीष्टको उदाहरणको अनुशरण गर्ने र परमेश्वरसँग करार गर्ने हाम्रो चाहना देखाउँछ ।

**सुसमाचार** हामीलाई यो जीवनमा शान्ति र अनन्त जीवनमा खुशी पाउन सहयोग गर्ने स्वर्गीय पिताको योजना । सुसमाचार येशू ख्रीष्टको प्रायश्चित्तमा केन्द्रित छ र हामीले उहाँमा आस्था राख्ने, पश्चात्ताप गर्ने, बप्तिस्मा लिने, पवित्र आत्माको वरदान लिने र अनन्तसम्म पालना गर्ने कुरा गर्नुपर्छ ।

**पवित्र आत्मा** पवित्र आत्मा, परमेश्वरको आत्मा र सान्त्वनादाता पनि भनिन्छ। उहाँले स्वर्गीय पिता र येशू ख्रीष्टको साक्षी दिनुहुन्छ वा प्रमाणित गर्नुहुन्छ र सत्यको प्रकट गर्नुहुन्छ र सत्य सिकाउनुहुन्छ।

**मेल्कीसेदेक पादरित्व** माथिल्लो वा ठूलो पादरित्व। यो बाइबलको पुरानो करारमा रहेका मेल्कीसेदेकको नाममा राखिएको जो एक धार्मिक पादरी र राजा थिए।

**विधि** पादरित्वको अधिकारद्वारा पूरा गरिएको एक पवित्र, औपचारिक कार्य। उदाहरणका लागि बप्तिस्मा।

**पादरित्व** परमेश्वरको अधिकार र शक्ति। परमेश्वरले उहाँको नाममा कार्य गर्नका लागि मानिसलाई यो शक्ति दिनुहुन्छ। यूहन्ना बप्तिस्माद्वारा जोसेफ स्मिथलाई एरोनिक पादरित्वको अधिकार पुनर्स्थापना गरिएको थियो। येशूका बाह्र प्रेरितमध्येका तीन पत्रुस, याकूब र यूहन्नाद्वारा मेल्कीसेदेक पादरित्वको पुनर्स्थापना गरिएको थियो।

**पुनर्स्थापना** कुनै चीजलाई पहिला भए जस्तै बनाउने; पुनः स्थापित् गर्ने; एक नयाँका रूपमा ल्याउने। संसारबाट सत्य र अधिकार हराएपछि, अगमवक्ता जोसेफ स्मिथद्वारा सुसमाचारको पुनर्स्थापना गरिएको थियो। पुनर्स्थापना सुधार गराउनु भन्दा भिन्न छ जुन कि सुधार गर्नु भनेको चलिरहेको संगठनलाई परिवर्तन गर्नु हो वा यसको वास्तविक अवस्थामा फर्काउने प्रयास हो जबकि पुनर्स्थापना भनेको पहिलाको संगठनलाई जस्ताको तस्तै पुनः स्थापना गर्नु हो वा यसको पूर्णतामा अभ्यास गर्नु हो।

**पुनरूत्थान** शारीरिक मृत्यु पछि, मासु र हाडको पूर्ण शरीरसँग आत्माको पुनर्मिलन। येशू ख्रीष्ट पुनरूत्थान हुने पहिलो हुनुहुन्छ।

**प्रकाश** प्रायशः परमेश्वर र उहाँका सन्ततीहरू बीचको सञ्चार पवित्र आत्माको माध्यमबाट हुन्छ। व्यक्तिहरूले तिनीहरूको व्यक्तिगत जीवनलाई निर्देशित गर्नका लागि प्रकाश प्राप्त गर्दछन् तरपनि केवल परमेश्वरले छनोट गर्नुभएको अगमवक्ताले सम्पूर्ण विश्वका लागि प्रकाश प्राप्त गर्न सक्नुहुन्छ। प्रकाश धेरै तरिकाबाट प्राप्त हुन्छ तरपनि प्रायशः यो विचार, महसुस र प्रभावबाट प्राप्त हुन्छ।

## थप अध्ययन

तलका प्रश्नहरू र धर्मशास्त्रहरूले तपाईंलाई यो पाम्प्लेटका सिद्धान्तहरूका बारेमा थप जानकारी लिन र तिनका बारेमा मनन गर्नका लागि सहयोग गर्नेछन् । यो सूची पूर्ण छैन; धर्मशास्त्रमा भएका पुच्छ्रे सूची र थप सन्दर्भहरूले तपाईंलाई थप उद्धरणहरू र सामग्रीहरू तर्फ अगुवाइ गर्नेछन् ।

**परमेश्वर तपाईंको स्वर्गीय पिता हुनुहुन्छ भन्नाले तपाईंलाई के अर्थ लाग्छ ?**

मलाकी २:१० (बाइबल, पुरानो करार)

हिब्रू १२:९-१० (बाइबल, नयाँ करार)

**अगमवक्ताको भूमिका के हो ? परमेश्वरले अगमवक्ताहरूसँग बोल्नुहुन्छ भनेर जान्नु किन आवश्यक छ ?**

आमोस ३:७ (बाइबल, पुरानो करार)

जेकव ४:४-६ (मरमनको पुस्तक, पृष्ठ १२४)

**पादरित्वको अधिकार लिने भन्नाले के बुझिन्छ ? कसैले यो अधिकार कसरी प्राप्त गर्न सक्छ ?**

मत्ती १०:१ (बाइबल, नयाँ करार)

यूहन्ना १५-१४ (बाइबल, नयाँ करार)

**त्यो अधिकार हराए पछि के हुन्छ ?**

आमोस ८:११-१२ (बाइबल, पुरानो करार)

१ निफाई १३:२४-२९ (मरमनको पुस्तक, पृष्ठ २५-२६)

**के येशूका प्रेरितहरूलाई धर्मत्याग हुन्छ भनेर थाहा थियो ?**

प्रेरित २०:२८-३१ (बाइबल, नयाँ करार)

२ थेसलोनिकका २:२-३ (बाइबल, नयाँ करार)

२ तिमोथी ४:३-४ (बाइबल, नयाँ करार)

**जोसेफ स्मिथको माध्यमबाट येशू ख्रीष्टको सुसमाचारको पुनर्स्थापना भएको हो भन्नाले तपाईं के बुझ्नुहुन्छ ?**

अगमवक्ता जोसेफ स्मिथको गवाही (पाम्प्लेट)

**मरमनको पुस्तक के हो ? यो कसरी अगमवक्ताका रूपमा जोसेफ स्मिथको बोलावटको साक्षी हो ?**

मरमनको पुस्तकको शीर्ष पृष्ठ

मरमनको पुस्तकको परिचय

**पवित्र आत्माको भूमिका के हो ?**

आल्मा ५:४५-४७ (मरमनको पुस्तक, पृष्ठ २२१)

मोरोनी १०:३-५ (मरमनको पुस्तक, पृष्ठ ५२९)

# हामीसँगै आराधना गर्नुहोस्

पुनरूत्थापित् सुसमाचारले तपाईँको जीवनलाई कसरी आशीषित गर्छ भनेर जान्न आउनुहोस् र हेर्नुहोस्



प्रभुभोज सभा प्रमुख आराधना सेवा हो । यो प्रायश: एक घण्टाभन्दा अलिक धेरै चल्छ र विशेष गरी निम्न कुराहरू समावेश हुन्छन्:

*भजनहरू:* सभाद्वारा गायन । (भजनका पुस्चकहरू उपलब्ध गराइएका छन् ।)

*प्रार्थनाहरू:* चर्चका स्थानीय सदस्यहरूद्वारा प्रदान गरिन्छ ।

*प्रभुभोज:* येशू ख्रीष्टको प्रायश्चित्तको सम्भनामा रोटी र पानी आशीषित गरिन्छ र सभामा बाढिन्छ ।

*वक्ताहरू:* प्रायश: वक्तव्य दिनका लागि पहिला नै जानकारी गराइएका एक वा दुई सदस्यहरूले सुसमाचारको विषयमा वक्तव्य दिनुहुन्छ ।

*पोषाक:* पुरूषहरू र केटाहरू साधारणतया सुट वा राम्रो सर्ट र टाईसँगै पाइन्ट लगाउँछन् । महिलाहरू र केटीहरू कुर्ता-सुरुवाल वा सर्क्ट लगाउँछन् ।

आराधना सेवाको समयमा दान दिनु आवश्यक छैन ।

तपाईँको चाहना र उमेर समूहका आधारमा हामी तपाईँलाई थप सभाहरूमा सहभागी हुनका लागि पनि आभन्त्रण गर्दछौँ । यी सभाहरूको कम र उपलब्धता फरक हुन सक्छन् ।

*आइतबारे कक्षा:* धर्मशास्तहरू र सुसमाचारका सिद्धान्तहरूको अध्ययनका लागि कक्षाहरू ।

*पादरित्वका सभाहरू:* १२ र त्यो भन्दा माथि उमेरका पुरूष र केटाहरूका लागि कक्षाहरू ।

*राहत समाज:* १८ वर्ष र त्यो भन्दा बढी उमेर समूहका महिलाहरूका लागि कक्षाहरू

*युवती महिला:* १२ देखि १८ वर्षका केटीहरूका लागि कक्षाहरू ।

*प्राइमरी:* १८ महिनादेखि ३ वर्षसम्मका केटाकेटीहरूका लागि प्रायशः एउटा नर्सरी कक्षा उपलब्ध हुन्छ ।




प्रभुभोज सभाको समय: ____________________

सभा भवनको ठेगाना: ____________________

____________________

## म के गरौँ?




- मरमनको पुस्तक पढ्नुहोस् ।
  पढ्नका लागि दिइएका सुझावहरू: ______________________

  ______________________

  ______________________

- जोसेफ स्मिथ परमेश्वरको अगमवक्ता हुनुहुन्थ्यो र मरमनको पुस्तक परमेश्वरको वचन हो भनेर थाहा पाउन प्रार्थना गर्नुहोस् ।

- चर्चमा सहभागी हुनुहोस् ।

- बप्तिस्मा लिएर तपाईंले मुक्तिदातालाई अनुशरण गर्ने नगर्ने तय गर्नुहोस् ।
  बप्तिस्माको मिति:

  ______________________

- येशू ख्रीष्टको पुनर्स्थापित सुसमाचारका बारेमा अझै बढी सिक्न www.mormon.org हेर्नुहोस् ।

- आधुनिक समयका अगमवक्ताहरूको माध्यमबाट परमेश्वरले पुनर्स्थापना गर्नुभएको सत्यका बारेमा थप जानकारी लिन धर्मप्रचारकहरूलाई भेट्ने कुरालाई निरन्तरता दिनुहोस् ।

  अर्को भेट गर्ने मिति: ______________________

  धर्मप्रचारकहरूको नाम र फोन नम्बर:

  ______________________

  ______________________

THE CHURCH OF
JESUS CHRIST
OF LATTER-DAY SAINTS

www.mormon.org.uk

**आकृति लाभ**
अगाडिको पृष्ट, The Lost Lamb डेल पार्सनद्वारा । © डेल पार्सन । प्रतिलिपि नबनाउनुहोस् ।
पेज २ © कोमोस्टोक
पेज ५: The Prophet Isaiah Foretells Christ's Birth बाट विस्तृत विवरण, हेरी एण्डरसनद्वारा
पेज ६: Christ Ordaining the Twelve Apostles बाट विस्तृत विवरण, हेरी एण्डरसनद्वारा
पेज १३: The Restoration of the Melchizedek Priesthood बाट विस्तृत विवरण, केनिथ रिलेइद्वारा
पेज १४: Jesus Christ Visits the Americas बाट विस्तृत विवरण, जन स्कटद्वारा
पेज १७, २२, २३ स्टिभ बन्डर्सनद्वारा
© 2005 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यु.एस्.ए.मा मुद्रित ।
अङ्ग्रेजी अनुमोदन: १/०६ । अनुवाद अनुमोदन: १/०६ । येशू ख्रीष्टको सुसमाचारको पुनर्स्थापनाको अनुवाद । भाषा 12351 372

NEPALI
4 02123 51372 4
12351 372